# प्रदेश सभाको बैठकमा माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम

बागमती प्रदेश सरकार

२०८१ जेठ १४ गते

**बागमती प्रदेश सभाका माननीय सभामुखज्यू,**
**प्रदेश सभाका माननीय सदस्यहरु,**

१. बागमती प्रदेश प्रमुखको हैसियतले प्रदेशको सम्मानित सदनको बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

२. यस अवसरमा सबैभन्दा पहिले म राष्ट्रको गौरव, एकता र अखण्डताका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा समग्र मुलुकको शान्ति, प्रगति र उन्नतिका लागि देशमा भएका क्रान्ति, सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरूमा अमूल्य जीवन अर्पण गर्नु हुने महान् सहिदहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. बागमती प्रदेश सरकार समाजवाद उन्मुख आर्थिक सामाजिक विकास र सामाजिक न्यायसहितको समतामूलक **समृद्ध नेपाल र सुखी नेपाली**को राष्ट्रिय आकांक्षा पूरा गर्न दृढ सङ्कल्पित छ।

४. नेपालको संविधान बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई संस्थागत गर्न राष्ट्रिय समन्वय परिषद् तथा प्रदेश समन्वय परिषद्का बैठक बसेका छन् भने अन्तरप्रदेश मुख्यमन्त्री बैठकसमेत बसेको छ। यसबाट तीनै तहका सरकार बीचको अन्तरसम्बन्ध र समन्वय मजबुत भएको छ।

५. नेपालको संविधानमा उल्लेखित तीनै तहका सरकारका अधिकार सम्बन्धी कार्यविस्तृतीकरण प्रतिवेदन परिमार्जन कार्य

अन्तिम चरणमा पुगेको छ। यसले सङ्घीयता कार्यान्वयन चरणमा देखिएका अन्यौल र अस्पष्टता स्पष्ट पारी सङ्घीय शासन प्रणालीलाई थप सुदृढ बनाउने देखिन्छ ।

**माननीय सदस्यहरू,**

६. उत्पादन तथा उत्पादकत्व अभिवृद्धिको माध्यमबाट आर्थिक एवम् सामाजिक रूपान्तरणका लागि प्रदेश सरकारको लगानी केन्द्रित गरिनेछ। यसका लागि आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ। प्रदेशमा वित्तीय पहुँच र व्यवस्थापन लागि प्रदेश बैंक स्थापना कार्य अगाडि बढाइनेछ। साथै, प्रदेशको सन्तुलित विकास एवं समृद्धिमा योगदान गर्न सक्ने रूपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त ठूला आयोजनाको पहिचान र विकास गरी कार्यान्वयनमा लैजाने नीति लिइनेछ।

७. विनियोजन कुशलता र स्रोतसाधन परिचालनमा दक्षता अभिवृद्धि गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनेछ। प्रदेश सरकारको सार्वजनिक खर्चमा मितव्ययीता कायम गरिनेछ।

८. वित्तीय सङ्घीयताको सबलीकरण गर्न प्रदेशको आय स्रोत वृद्धि गरिनेछ। आन्तरिक आय स्रोत कम भएका तथा मानव विकास सूचकाङ्कमा कमजोर रहेका स्थानीय तहमा वित्तीय हस्तान्तरणमार्फत् थप कार्यक्रम तथा बजेट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

९. संवैधानिक प्रावधान बमोजिम जिल्ला समन्वय समितिको जिम्मेवारी भित्रको तहगत समन्वय, सन्तुलन तथा विकास

निर्माणको अनुगमन लगायतका कार्यको सुदृढीकरणका लागि जिल्ला समन्वय समिति सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. वित्तीय सुशासन कायम गर्न सूचना प्रविधिको उपयोगमार्फत प्रदेश सरकारको बजेट तर्जुमा, खर्चको लेखाङ्कन, अभिलेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरिनेछ। राजस्व चुहावट नियन्त्रणका लागि राजस्व व्यवस्थापन सूचना प्रणाली विकास गरी प्रदेश सरकारको राजस्वसँग सम्बन्धित सूचना र अभिलेख प्रणालीलाई व्यवस्थित बनाइनेछ।

११. प्रदेश गौरवका आयोजना छनौट गर्ने मापदण्ड तर्जुमा गरी ठूला, बहुवर्षीय र क्रमागत आयोजनाहरू तोकिएको समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

१२. सङ्घीय आर्थिक कार्यविधि कानूनसँग सामञ्जस्य हुने गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन र नियमावली तर्जुमा गरिनेछ। अन्तरप्रदेश समन्वयमार्फत प्रदेशका करका दरहरूमा एकरूपता ल्याउन जोड दिइनेछ।

**माननीय सदस्यहरू,**

१३. प्रदेशको जनसंख्या व्यवस्थापन गरी जनसाङ्ख्यिक लाभ प्राप्त गर्न प्रदेश जनसङ्ख्या नीति तर्जुमा गरिनेछ। जनस्वास्थ्यका मापदण्ड सुनिश्चित गर्दै **सबै नीतिमा स्वास्थ्य नीति** लागु गर्न विषयगत मन्त्रालयहरूसँग सहकार्य गरिनेछ। प्रदेश स्वास्थ्य क्षेत्र रणनीतिक योजना तर्जुमा गरिनेछ ।

१४. स्वास्थ्यमा सर्वव्यापी पहुँचको मान्यताअनुरुप तहगत सरकार, निजी क्षेत्र, नागरिक समाज तथा संघसंस्थासँगको समन्वय र सहकार्यमा प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापना, प्रशामक तथा मनोसामाजिक स्वास्थ्य सेवालाई थप विकास तथा बिस्तार गरिनेछ।

१५. बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्यमार्फत आत्महत्याको बढ्दो दरलाई नियन्त्रण गर्न **मानसिक स्वास्थ्य प्रबर्धन, आत्महत्याको न्यूनीकरण** भन्ने अभियान सञ्चालन गरिनेछ ।

१६. जीवनचक्रको अवधारणा अनुरूप सुरक्षित मातृत्व, नवशिशु तथा बाल स्वास्थ्य, किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य र ज्येष्ठ नागरिकको स्वास्थ्य सेवालाई सङ्घ र स्थानीय तहको समन्वय तथा सहकार्यमा उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ। बर्थिङ सेन्टरलाई सुदृढीकरण गर्दै गर्भवती तथा प्रसूति अवस्थाका ज्यान जोखिममा परेका महिलाको निःशूल्क हवाई उद्धार सेवालाई निरन्तरता दिइनेछ। मातृ स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्थानीय तहसँगको सहकार्यमा ग्रामीण क्षेत्रमा अल्ट्रासाउण्ड सेवालाई बिस्तार गर्दै लगिनेछ।

१७. महिलाहरूमा हुने स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सरको रोकथाम गर्न निःशुल्क परीक्षणको व्यवस्था मिलाइनेछ। सङ्घीय सरकारसँगको सहकार्यमा किशोरीहरूलाई पाठेघरको क्यान्सर विरूद्धको HPV (Human Papillomavirus Vaccine) खोप लगाउने व्यवस्था मिलाइनेछ ।

१८. **एक माध्यमिक विद्यालय एक नर्स** कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय तहसँगको समन्वयमा विद्यालय नर्सले दिने सेवालाई समुदायस्तरमा विस्तार गरिनेछ।

१९. **मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम**लाई थप परिष्कृत गर्दै अटिजम, हेमोफिलिया, सिक्कलसेल एनिमिया, थालासेमिया लगायतका अनुवांशिक एवं जन्मजात स्वास्थ्य समस्या र उमेरसापेक्ष विकाससँग सम्बन्धित रोगहरुको निःशुल्क परीक्षणको व्यवस्था मिलाइनेछ। **मेरो स्वास्थ्य, मेरो जिम्मेवारी** अभियानका साथ स्वास्थ्य परीक्षणसहित निरोधात्मक तथा उपचारात्मक सेवालाई बिस्तार गरिनेछ। सत्तरी वर्षभन्दा माथिका विपन्न ज्येष्ठ नागरिकलाई निमोनियाको खोप निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२०. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथीजस्ता वैकल्पिक चिकित्सा प्रणालीलाई प्रवर्द्धन र बिस्तार गर्दै लगिनेछ। प्रदेशलाई आयुर्वेदिक औषधिमा आत्मनिर्भर बनाउन GMP (Good Manufacturing Practices) मापदण्ड अनुसारको औषधि उत्पादन गरिनेछ।

२१. स्वास्थ्य क्षेत्रलाई आवश्यक पर्ने विशेषज्ञ सहितको दक्ष र सिपयुक्त जनशक्ति उत्पादनका लागि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको क्षमता विकास गरी अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ। प्रदेशभित्रका स्वास्थ्य विज्ञान प्रतिष्ठान र मेडिकल कलेजहरुमा अध्ययनरत विशेषज्ञ

चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई प्रादेशिक र स्थानीय तहका अस्पतालहरुमा परिचालन गरिनेछ।

२२. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूले स्वास्थ्यको क्षेत्रमा पुऱ्याएको योगदानलाई कदर गर्दै प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

२३. न्यूनतम् सेवा मापदण्डअनुसार प्रादेशिक अस्पताल, आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरुको समयानुकूल सुधार गरी सेवालाई प्रविधिमैत्री बनाइनेछ। प्रदेशका अस्पतालहरूमा विद्युतीय नाम दर्ता प्रणाली र ईलेक्ट्रोनिक मेडिकल रेकर्ड लागु गरिनेछ। अस्पताल तथा स्वास्थ्य संस्थाका उपकरणहरुको मर्मत, सम्भारसम्बन्धी कार्यलाई व्यवस्थित गरिनेछ। स्वास्थ्य सेवा प्रदान गर्दा सेवाशूल्कसहितको स्वास्थ्य सेवा कार्यविधि तयार गरी लागू गरिनेछ।

२४. सरकारी, गैरसरकारी, सामुदायिक, निजी, गुठी अस्पतालहरुमा सामाजिक सेवा एकाई स्थापना गरी स्थानीय तहको सिफारिसका आधारमा विपन्न, असहाय, बेवारिसेलगायत लक्षित वर्गको उपचारमा सहुलियत प्रदान गरिनेछ। साथै, प्रदेश मातहतका सबै अस्पतालहरुमा निःशूल्क शय्या सम्बन्धी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरिनेछ। प्रदेशका विपन्न नागरिकलाई निःशूल्क रक्त सञ्चार सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

२५. सङ्घीय तथा स्थानीय सरकारसँगको समन्वय तथा सहकार्यमा स्वास्थ्य बिमाको आबद्धतालाई हरेक घरधुरीसम्म बिस्तार गरी

स्वास्थ्यको सर्वव्यापी पहुँचलाई सुनिश्चित गरिनेछ। प्रदेश सरकार अन्तर्गतका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरूलाई स्वास्थ्य बिमामा आबद्ध हुन अभिप्रेरित गरिनेछ ।

२६. जनताको स्वास्थ्य सेवा प्रदान गर्ने प्रदेश सरकारको जिम्मेवारी भएकाले अतिसीमान्तकृत तथा लोपोन्मुख जाति, आश्रममा रहेका व्यक्ति, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा पूर्ण तथा अतिअशक्त अपाङ्गता भएका व्यक्ति, गरिब दलित, सशस्त्र द्वन्द्व र जनआन्दोलनका घाइते, बेपत्ता परिवारका सदस्यलगायतका लक्षित वर्गका व्यक्तिहरूको निःशूल्क स्वास्थ्य बिमालाई निरन्तरता दिइनेछ।

२७. जनस्वास्थ्य विपद् तथा महामारी व्यवस्थापनका लागि आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजनासहित प्रादेशिक स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि र एकीकृत रोग निगरानी प्रणालीको विकास गरिनेछ। स्वास्थ्यजन्य फोहोर सङ्कलन, प्रशोधन र बिसर्जनलाई थप प्रभावकारी बनाइनेछ।

२८. जीवनचक्रमा आधारित पोषण विशेष योजना निर्माण गरी उमेर सापेक्ष वृद्धिविकासका लागि स्थानीय तहसँगको सहकार्यमा पोषण उपचार तथा पुनर्स्थापना केन्द्र सुदृढीकरण र बिस्तार गरिनेछ। भान्छालाई विषादीमुक्त बनाउन **भान्छा नै औषधालय हो, भान्छालाई विषमुक्त बनाऔं** भन्ने अभियानका साथ सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम अन्तर्गत चिकित्सकलाई दुर्गम क्षेत्रका स्वास्थ्य संस्थामा सेवा प्रदान गर्न अभिप्रेरित गर्ने नीतिलाई निरन्तरता दिइनेछ। प्रदेशका सबै अस्पतालहरूमा आँखा, नाक, कान, घाँटी, छाला तथा यौनरोग, जलन, मुख तथा दन्त सेवा, मानसिक स्वास्थ्य सेवालगायतका विशेषज्ञ सेवाको विस्तार तथा विकास गरिनेछ ।

**माननीय सदस्यहरू**

३०. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सबै बालबालिकाको पहुँचमा पुऱ्याउन स्थानीय तहमा अनिवार्य तथा निःशूल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३१. सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि एकीकृत विद्यालय व्यवस्थापन सुधार तथा गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरी **गुणस्तरीय शिक्षाः हामी सबैको अपेक्षा** भन्ने उक्तिलाई क्रमशः सार्थक तुल्याइनेछ।

३२. बालबालिकाहरूको गुणस्तरीय, प्रविधिमैत्री र पहुँचयोग्य सिकाइको सुनिश्चतता गर्न सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३३. राष्ट्रको सर्वाङ्गीण विकासमा योगदान गर्न सक्ने प्रतिस्पर्धी र गुणस्तरीय जनशक्ति उत्पादन गर्न प्रदेश सरकारबाट स्थापना भएको बागमती सार्वजनिक विश्वविद्यालयमा पूर्वाधार निर्माण तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाइनेछ। सामुदायिक क्याम्पसहरूको आवश्यकताका

आधारमा भौतिक तथा शैक्षिक सुदृढीकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशभित्र सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरूलाई एकआपसमा गाभिन प्रोत्साहन गरिनेछ ।

३४. अल्पसङ्ख्यक, लोपोन्मुख, अतिसीमान्तकृत, दलित तथा आर्थिकरूपमा विपन्न छात्रछात्राहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्न शैक्षिक छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच विस्तारका लागि सिपमूलक तालिम प्रदायक संस्थाहरूको सुदृढीकरण गरिनेछ। **सिक्दै कमाउँदै, कमाउँदै सिक्दै** कार्यक्रमलाई विस्तार गरिनेछ।

३६. संघ र स्थानीय तहसँगको सहकार्यमा प्रदेशभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षाको पाठ्यक्रम तयार गरी अध्यापनको व्यवस्था मिलाइनेछ। साथै, **प्रदेश परिचय** विषयको पाठ्यक्रम/पाठ्यपुस्तक तयार गरी अध्यापनको व्यवस्था मिलाइनेछ ।

३७. स्थानीय तहसँगको साझेदारीमा प्रदेशका ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरूलाई आवासीय विद्यालयको रूपमा सञ्चालन तथा व्यवस्थापन गर्ने नीति लिइनेछ। शिक्षक दरबन्दी कम भएका प्रदेशका सामुदायिक विद्यालयहरूमा अनलाईन माध्यमबाट कक्षा सञ्चालन कार्यक्रम लागु गरिनेछ।

३८. शहीद स्मृति आवासीय माध्यामिक विद्यालय, जिरीमा विपद् प्रभावित बालबालिकालाई छात्रवृत्तिसहित अध्यापन गर्ने व्यवस्था मिलाइनेछ ।

३९. स्वरोजगारमा संलग्न तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूले आर्जन गरेका ज्ञान र सिपलाई मान्यता प्रदान गर्न सिप परीक्षणलाई निरन्तरता दिंदै उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ।

४०. सार्वजनिक नीति विश्लेषणका आधारमा प्रदेशका निरपेक्ष गरिबीको रेखामुनि रहेका नागरिकको जीवनस्तर सुधार गर्न **गरिबसँग प्रदेश सरकार** भन्ने नाराका साथ पहिचान भएका गरिब परिवारलाई आयआर्जनका कार्यक्रम सञ्चालनका लागि सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।

४१. चेपाङ, चिउरी र चमेरो संरक्षण एवम् विपन्न दलित समुदायको सशक्तीकरण कार्यक्रमलाई स्थानीय तहसँगको साझेदारीमा विस्तार गरिनेछ।

४२. दलित समुदायको परम्परागत ज्ञान, सिप र पेशाको आधुनिकीकरण गरी जीविकोपार्जन सुधार गरिनेछ। जातीय परम्परामा आधारित ज्ञान, सिप, प्रविधि र पेशालाई आधुनिकीकरण गर्दै उद्योगका रूपमा विकास गर्न प्रोत्साहन गरिनेछ ।

४३. महिलालाई बहुआयामिक विकासमा मूलप्रवाहीकरण गर्न प्रादेशिक लैङ्गिक नीति तथा कानून तर्जुमा गरिनेछ। गृहिणी महिलालाई आर्थिक तथा सामाजिकरूपमा सशक्तीकरण गर्न **गृहिणी महिला सशक्तीकरण कार्यक्रम**लाई थप विस्तार गरिनेछ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४४. आर्थिक, सामाजिक, सांस्कृतिक रूपमा सीमान्तकृत तथा विपन्न वनकरिया, चेपाङ्ग, पहरी, थामी, जिरेल, माझी, हायु, सुरेल, बोटेलगायतका समुदायको सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। अतिसीमान्तकृत र लोपोन्मुख समुदायलाई शिक्षाको उचित प्रबन्ध गरी राष्ट्रिय विकासको मूलप्रवाहमा ल्याइनेछ।

४५. लैङ्गिक हिंसाबाट प्रभावितका लागि उद्धार, राहत, मनोसामाजिक परामर्श, सामाजिक पुनर्स्थापनाका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४६. प्रदेश सरकारका सबै सार्वजनिक संरचनाहरूलाई पहुँचमैत्री बनाउन प्राथमिकता दिइनेछ। अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारमा आबद्ध गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ। पूर्ण अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई साझेदारीमा सञ्चालन गरिनेछ।

४७. **ज्येष्ठ नागरिक समाजका सम्पत्ति हुन्** भन्ने मान्यतालाई आत्मसात् गर्दै ज्येष्ठ नागरिकको ज्ञान, सिप तथा अनुभवको पुस्तान्तरण एवम् आत्मसम्मानका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

४८. बालमैत्री स्थानीय शासनका लागि प्रदेश तथा स्थानीय तहमा संस्थागत प्रणाली सुदृढीकरण गर्दै आमाबाबु विहीन बालबालिकाको संरक्षण गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै, आमाबाबु नभएका एवं सक्षम

अभिभावकत्व नपाएका वा पूर्ण अपाङ्गता भएका बालबालिकालाई प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्यमा अभिभाकत्व ग्रहण गरी माध्यमिक तहसम्म अध्ययन गराउने व्यवस्था मिलाइनेछ ।

४९. उत्पीडित, अपहेलित, बेवारिसे सहयोगापेक्षी सडक मानव, असहाय ज्येष्ठ नागरिक र लैङ्गिक हिंसा प्रभावितहरूको संरक्षण र पुनर्स्थापनाका लागि सहयोग र सहकार्य गरिनेछ।

५०. बौद्धिक अपाङ्गता भएका व्यक्ति, अटिजम र मस्कुलर डिष्ट्रोफी लगायतका समस्याबाट पीडित अपाङ्गता भएका बालबालिकाहरुको संरक्षण र पुनर्स्थापनाका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता बालबालिकाहरूलाई पुनर्स्थापना सेवा प्रदान गर्ने केन्द्रहरूमा स्वयंसेवक थेरापिस्टको व्यवस्था गरिनेछ।

५१. दृष्टिविहीन र श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक पर्ने शैक्षिक सहयोग सामग्रीहरु उपलब्ध गराइनेछ।

**माननीय सदस्यहरू,**

५२. स्वास्थ्य तथा अनुशासनका लागि खेलकुद भन्ने मर्मलाई आत्मसात गर्दै खेलकुद पूर्वाधारको विकास र प्रशिक्षणको व्यवस्था गरी प्रतिभावान र व्यावसायिक खेलाडीहरूको उत्पादन तथा प्रोत्साहन गर्ने नीति लिइनेछ।

५३. चितवनको भरतपुर महानगरपालिकामा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालालाई सहलगानीमा सम्पन्न

गरिनेछ। हेटौँडाको गौरीटारमा निर्माणाधीन अन्तर्राष्ट्रिय खेलकुद परिसर (Gauritar International Sports Complex) र प्रदेशमा निर्माणाधीन अन्य खेलकुद पूर्वाधार निर्माणको कार्यलाई सम्पन्न गरिनेछ। स्थानीय खेलकुद पूर्वाधार निर्माणका कार्यलाई निरन्तरता दिइनेछ ।

५४. युवालाई उद्यमशीलतातर्फ आकर्षित गर्न तालिम, सिप, बीउपूँजी प्रदान गर्ने गरी **सिप वर्ष** कार्यक्रम सञ्चालन गरिनेछ।

५५. पर्यावरणीय संरक्षणका लागि युवा जनशक्तिको परिचालन गरिनेछ।

५६. सबैका लागि खेलकुदको अवसर प्रदान गर्न स्थानीयस्तरमा हुने खेलकुदलाई प्रोत्साहन गर्दै प्रादेशिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। खेल पर्यटनको विकासका लागि प्रदेश खेलकुद प्रतियोगितमा पर्वतीय खेल सहितका साहसिक खेलहरूलाई समेत समावेश गरिनेछ।

५७. खेलाडीहरुलाई Anti-Doping सँग सम्बन्धित सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। स्वयंसेवक खेलकुद प्रशिक्षक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**माननीय सदस्यहरू,**

५८. कृषि क्षेत्रको समग्र विकासका लागि प्रदेश कृषि विकाससम्बन्धी कानून तर्जुमा गरिनेछ। कृषि क्षेत्रमा लगानी वृद्धि गरी कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ।

कृषक सूचीकरण र वर्गीकरण गरी कृषि तथा पशुसम्बन्धी सेवाप्रवाहलाई व्यवस्थित बनाइनेछ ।

५९. कृषि, पशुपन्छी तथा मत्स्यसँग सम्बन्धित सेवा, सुविधा तथा प्रोत्साहनका कार्यक्रमहरुलाई सहज, व्यवस्थित र प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६०. मासु, दूध र दुग्धजन्य पदार्थ तथा दानाको गुणस्तर र स्वच्छताका लागि पूर्वाधार विकास गर्दै पशुपालन तथा उत्पादनका मापदण्डहरू लागु गरी नियमित अनुगमनको व्यवस्था गरिनेछ।

६१. खाद्यान्न, फलफूल, तरकारी र पशुपालनको व्यावसायिक उत्पादनका लागि पकेट क्षेत्र विकास गर्न **समुदायमा आधारित एक वडा एक कृषि** उत्पादन कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। यसरी उत्पादित वस्तुको बजारीकरणका लागि स्थानीय तह र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

६२. तरकारी, फलफूल तथा कृषिजन्य उपजहरूको वितरण लागत घटाउन तथा मध्यस्थकर्ताको तहलाई घटाई सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा वैकल्पिक आपूर्ति श्रृङ्खला विकास गरी प्रदेशका प्रत्येक जिल्लामा कृषि उपज बजार केन्द्रहरूको पूर्वाधार निर्माण र सञ्चालनमा सहजीकरण गरिनेछ।

६३. बाँझो जग्गाको सदुपयोग गर्न प्रोत्साहित गर्दै बाँझो जमिनहरुमा सामुदायिक तथा करार खेतीमा आधारित एकीकृत कृषि प्रणालीमार्फत सामुहिक खेतीको विकास गर्न पहल गरिनेछ।

६४. कृषि क्षेत्रमा देखिएका महामारीजन्य सङ्क्रामक रोगहरुको नियन्त्रण तथा उन्मूलनका लागि जोखिमयुक्त पालिकाहरूमा योजनासहित विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६५. विपद्बाट क्षति पुगेका कृषि व्यवसायलाई पुर्नस्थापना गर्न प्रभावित कृषक परिवारलाई उपलब्ध गराइने राहतलाई व्यवस्थित गरिनेछ। मौसम पूर्वानुमान सूचना प्रणालीको स्थापना गरी मोबाइल एपबाट कृषकसम्म पूर्वसूचना पुग्ने व्यवस्था मिलाइनेछ।

६६. दूध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न प्रतिफलमा आधारित अनुदानलाई स्थानीय तहमार्फत कार्यान्वयन गर्ने गरी सशर्त अनुदान उपलब्ध गराइनेछ । खाद्य पोषणका लागि विषयगत मन्त्रालयसँगको सहकार्यमा प्रदेशका आधारभूत विद्यालयमा पोषणका रूपमा धुलो दूधको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

६७. बागमती धुलो दूध कारखानालाई प्रदेश सरकार, निजी क्षेत्र तथा दुग्ध उत्पादक सहकारीसँगको साझेदारीमा सञ्चालन गरिनेछ। हेटौंडामा निर्माणाधीन प्रादेशिक कृषि थोक बजार सञ्चालनको व्यवस्था मिलाइनेछ। साथै, प्रदेशमा निर्माण भएका तथा निर्माणाधीन चिस्यान केन्द्रहरुलाई प्रविधिसहित सञ्चालन एवं व्यवस्थापन गर्ने गरी हस्तान्तरण गरिनेछ।

६८. धानबालीको विकास र विस्तारका लागि सम्भाव्य जिल्लाहरूमा मसिना, हिउँदे र चैते धानको प्रबर्द्धन गरिनेछ। अभियानका रूपमा प्याज र लसुन खेती प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

६९. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी लागतलाई कम गर्न कृषि औजार र उपकरणहरुको प्रयोगमार्फत कृषि यान्त्रिकीकरणलाई प्रोत्साहन गरिनेछ। यसका लागि प्रदेशमा नै उत्पादित कृषि औजार र प्रविधिको प्रयोगमा जोड दिइनेछ। साथै, आधुनिक कृषि उपकरण सुलभ र सुपथ मूल्यमा प्रदान गर्ने उद्योगहरुलाई प्रोत्साहन गरिनेछ।

७०. प्रदेशमा मौरीपालन, रेशम कीरा, लाहा किरापालनजस्ता उत्पादनका पकेट क्षेत्रहरुको पहिचान गरी सहकारी तथा निजी क्षेत्रको सहकार्यमा व्यावसायिक किट विकास कार्यक्रमबाट रोजगार प्रबर्द्धन गरिनेछ।

७१. **कृषि उत्पादन वृद्धिको आधारःअनुसन्धान, शिक्षा र प्रसार** लाई आधार मानी प्रदेश मातहतका कृषि तथा पशुपन्छी फार्म तथा मत्स्य फार्मलाई नविनतम् प्रविधिसहित विशिष्टीकृत स्रोत केन्द्रका रूपमा विकास गरी अध्ययन तथा अनुसन्धानमा संलग्न गराइनेछ। साथै, प्रदेशमा रहेका विश्वविद्यालयहरू सँगको सहकार्यमा विद्यार्थी अनुसन्धान अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७२. कृषिमा व्यावसायीकरण र आधुनिकीकरण गरी उत्पादकत्व बढाउन र लागत घटाउन एवम् नवीन प्रविधिको प्रयोग बढाइ

कृषि क्षेत्रलाई युवा व्यवसायीहरूको आकर्षणको केन्द्र बनाउन **स्मार्ट एग्रिकल्चर** अवधारणालाई नमूना कार्यक्रमका रूपमा सञ्चालन गरिनेछ ।

७३. मौलिक संस्कृति अनुरुपका स्थानीय जातका नगदे बाली, रैथाने खाद्य बाली तथा बीउहरूको अध्ययन र अभिलेखीकरण सहित संरक्षण र प्रबर्द्धन गरिनेछ। बिउ उत्पादनको पकेट क्षेत्र घोषणा गरी बिउ उत्पादनमा आत्मनिर्भर बनाइनेछ। उच्च मूल्य भएका चिया र कफीको उत्पादन प्रबर्धनका लागि कृषकहरूलाई उत्प्रेरित गरिनेछ। कृषकलाई उचित समयमा मल बीउ उपलब्ध गराउनका साथै आधुनिक तालिम, प्रविधि र उत्पादनका साधनको अधिकतम् उपयोगसहित कृषि उत्पादन वृद्धिमा जोड दिइनेछ।

७४. माटोको दिगो उर्वरा शक्ति वृद्धि गर्न प्राङ्गारिक मल र गड्यौला मलको प्रयोगलाई प्रोत्साहन गर्दै **एक प्रदेश एक निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल उत्पादन कारखाना स्थापना** कार्यक्रमलाई स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा थप विस्तार गरिनेछ।

७५. कृषिजन्य वस्तुको उत्पादनमा सहभागी कृषक समूह र सहकारीसँग उत्पादन, भण्डारण, ढुवानी तथा बजारीकरणमा साझेदारी गरिनेछ।

७६. बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा चौंरी, भेडा, च्याङ्ग्रापालन र चरन खर्क व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ। पशु आहाराको

सुधारबाट दूध उत्पादन वृद्धि गर्न घाँस उत्पादन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

७७. स्थानीय तहसँगको सहकार्यमा पशु नश्ल सुधार, उत्पादन वृद्धि तथा पशु स्वास्थ्य उपचार सेवा विस्तार गरिनेछ। साथै, उन्नत जातका बाख्रा, गाई र भैंसीको आपूर्ति प्रदेशभित्रबाट गर्न स्रोत केन्द्रहरुको व्यवस्थापन गरिनेछ। प्रदेशभित्र दुग्धजन्य पदार्थ, अण्डा, माछा, मासुको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने नीति लिइनेछ।

**माननीय सदस्यहरू,**

७८. प्रदेशस्थित सरकारी भवन तथा सरकारबाट अनुदान प्राप्त निकायको भवन निर्माण गर्दा स्वदेशी काठको अनिवार्य प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। साथै, सरकारी कार्यालय तथा सरकारबाट अनुदान प्राप्त सार्वजनिक निकायहरूमा स्वदेशी काठबाट निर्मित फर्निचरहरूको प्रयोग प्राथमिकताका साथ गर्ने व्यवस्था मिलाइनेछ।

७९. वन अतिक्रमणको तथ्याङ्क अद्यावधिक र अतिक्रमित क्षेत्रलाई पुनर्स्थापित गर्ने कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

८०. बागमती प्रदेशका सबै जिल्लाहरुमा वन पैदावारको सहज आपूर्तिको लागि जिल्ला वन पैदावार आपूर्ति समिति गठन गरी डिपोमार्फत सहज र सर्वसुलभरुपमा गुणस्तरीय काठ तथा दाउरा उपलब्ध गराइनेछ ।

८१. वन क्षेत्रको अध्ययन अनुसन्धान र वैज्ञानिक व्यवस्थापनका लागि वन अनुसन्धान तथा तालिम केन्द्र गोदावरीलाई प्रदेशस्तरीय वन श्रोत तथा वातावरणसम्बन्धी Center of Excellence तथा सूचना केन्द्रका रुपमा स्थापित गरिनेछ।

८२. क्षयीकरण हुँदै गइरहेका पारिस्थितिकीय प्रणालीको पुनरुत्थानका लागि वन क्षेत्रको पुनर्स्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. मानव-वन्यजन्तु द्वन्द्वको न्यूनीकरण गर्नका लागि प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ। बाँदर, बँदेल, दुम्सीलगायत वन्यजन्तुबाट कृषिबालीमा हुने क्षति न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८४. विदेशी काठको आयातलाई प्रतिस्थापन गरी स्वदेशी काठको उपयोग बढाउन, काठको गुणस्तर तथा आयु वृद्धि गर्न सार्वजनिक/निजी/सहकारी/सामुदायिक क्षेत्रसँगको साझेदारीमा काष्ठ सिजनिङ्ग प्लान्ट सञ्चालन गरिनेछ।

८५. सरोकारवालाहरुको साझेदारीमा जडीबुटी खेती प्रबर्द्धन गरी उद्यम विकास, आयआर्जन र रोजगारी सिर्जनाको महत्वपूर्ण क्षेत्रका रूपमा विकास गरिनेछ ।

८६. धादिङ्गको उत्तरी भेग (खनियाबास, रूबी भ्याली र गङ्गा जमुना) लाई समेटेर जैविक विविधता, पर्यापर्यटन र जीविकोपार्जनमा टेवा पुऱ्याउने उद्देश्यले **गणेश हिमाल वन संरक्षण क्षेत्र**को रूपमा विकास गर्न अध्ययन गरिनेछ ।

८७. प्रदेशभित्रको राष्ट्रिय वन, कबुलियती र सामुदायिक वन क्षेत्रमा कृषि वनजन्य नगदे बालीको विस्तार गरी **हाम्रो वन, समुदायको धन** भन्ने भावनाअनुरूप विपन्न नागरिकको जीवनयापनमा सहयोग पुऱ्याउन स्थानीय तहको सहकार्यमा **एक समूह, एक उद्यम नीति** कार्यान्वयन गरिनेछ। बहुमूल्य बुद्धचित्तको खेतीलाई व्यवसायिक रूपमा अगाडि बढाइनेछ।

८८. वन विज्ञान तथा वातावरण संरक्षण विषयमा अध्ययनरत विद्यार्थीहरुलाई अनुसन्धानमा प्रोत्साहित गरिनेछ।

८९. वन तथा वातावरण संरक्षण र सम्बर्द्धन क्षेत्रबाट रोजगारी सिर्जना गर्न, बाँझो तथा अन्य खेर गइरहेका जग्गामा वन विकास, पर्यापर्यटन, उद्यम सञ्चालन तथा वनको पत्करबाट मल बनाउने कार्यमा युवा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

९०. **संरक्षित जलाधार, समुन्नतिको आधार** भन्ने नारासहित प्रदेशस्तरीय एकीकृत जलाधार व्यवस्थापन योजना तयार गरी बायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोग गर्दै जैविक, भौतिक तथा मानवीय दृष्टिले जोखिमपूर्ण जलाधार क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन गरिनेछ।

९१. प्लाष्टिकजन्य पदार्थहरूबाट शहरी क्षेत्र, राजमार्गका छेउछाउ, ऐतिहासिक, धार्मिक, पुरातात्विक सम्पदा तथा पर्यटकीय क्षेत्रहरूमा बढ्दो प्रदूषण नियन्त्रणका लागि स्थानीय तह तथा सरोकारवालाको सहकार्यमा **बागमती प्रदेशमा शून्य प्लाष्टिक** भन्ने नाराका साथ सरसफाई अभियान सञ्चालन गरिनेछ।

९२. सङ्घीय सरकार, स्थानीय तह र संघसंस्थाहरूको समन्वय र सहकार्यमा सहरी क्षेत्रमा हरियाली वातावरण र स्वस्थ जीवन कायम गर्नका लागि बाल एवम् ज्येष्ठ नागरिकमैत्री सार्वजनिक हरित उद्यान निर्माण, सडक किनार वृक्षारोपण, हरियाली प्रबर्द्धन, सौन्दर्यीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

९३. प्रदेशभित्रका तालतलैया तथा महत्वपूर्ण सिमसार क्षेत्रको पहिचान गरी संरक्षण तथा व्यवस्थापन गरिनेछ। सुख्खाग्रस्त क्षेत्रमा **एक टोल एक पोखरी** र वनक्षेत्रमा पानी मुहान संरक्षण, पुनर्भरण पोखरी तथा संरक्षण पोखरी निर्माण तथा मर्मत कार्यमा जोड दिइनेछ।

९४. डढेलोमुक्त वनक्षेत्र कायम गर्नका लागि प्रभावकारी संयन्त्र निर्माण, उपकरणको बन्दोबस्त एवं क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। वन डढेलो नियन्त्रण कार्यमा परिचालन गरिने जनशक्तिको दुर्घटना बीमा, राहत तथा पुनर्स्थापना गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

९५. जलवायु परिवर्तनको असर कम गरी वातावरणीय स्वच्छता कायम गर्न वायु तथा ध्वनि प्रदूषण न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। वातावरण क्षेत्रको प्रभावकारी संरक्षण गर्न वातावरण परिषद् गठन गरिनेछ।

**माननीय सदस्यहरू,**

९६. प्रदेशभित्र स्थानीय सामग्री तथा वास्तुकलाको प्रवर्द्धन गर्दै मौलिक प्रविधिसहितका भवनका संरचना बनाउन जोड

दिइनेछ। उदीयमान सहर, पालिका केन्द्र तथा नगर उन्मुख बस्तीहरूलाई मौलिक पहिचानसहित व्यवस्थित सहरीकरण गर्न प्रोत्साहन गरिनेछ।

९७. प्रदेश राजधानी रहेको हेटौंडालाई व्यवस्थित सहरी विकास योजना तयार गरी **बृहत हेटौंडा सहर**का रुपमा रुपान्तरण गर्दै लगिनेछ।

९८. बागमती प्रदेश जनता आवास तथा खरको छाना उन्मूलन कार्यक्रम, रुबीभ्याली एकीकृत विकास कार्यक्रमलाई निरन्तरता दिंदै मानव विकास सूचकाङ्कमा पछाडि परेका थप स्थानीय तहमा एकीकृत विकास कार्यक्रम बिस्तार गरिनेछ।

९९. प्रादेशिक सरकारी कार्यालयको भवन निर्माण मापदण्डका आधारमा नयाँ निर्माण हुने सरकारी कार्यालयहरुको संरचनामा एकरुपता कायम गरिनेछ। प्रदेश सरकारका प्रशासनिक केन्द्रका भवन र अन्य पूर्वाधार निर्माण कार्य शुरु गरिनेछ।

१००. बागमती प्रदेशभित्रका सम्पूर्ण स्थानीय तहका केन्द्रलाई पक्की सडकले जोड्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०१. प्रदेश सडकहरुलाई बाह्रै महिना चल्ने सडकका रुपमा बिस्तार गर्न प्रदेश सडक जोड्ने पूलहरुको निर्माण कार्यलाई प्राथमिकता साथ अगाडि बढाइनेछ। प्रदेश लोकमार्ग तथा प्रदेश मार्गहरुको सडक सीमा तोक्ने कार्य प्रारम्भ गरिनेछ। सरोकारवालासँगको समन्वय र सहकार्यमा जग्गा प्राप्त गर्न सकिने प्रदेश सडकहरूको स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ।

१०२. सडक सुरक्षालाई उच्च प्राथमिकतामा राखी सहरी क्षेत्रमा ट्राफिक व्यवस्थापनका लागि आवश्यकता र सम्भाव्यताका आधारमा जङ्कसन, ईन्टरसेक्सन तथा अन्य पूर्वाधार निर्माण तथा सुधारका कार्य प्रारम्भ गरिनेछ। सुरक्षित प्रदेश सडक सुनिश्चित गर्न प्रदेश सडक मर्मत, सम्भार तथा सुधार कार्यक्रम सञ्चालन गरिनेछ। वैकल्पिक यातायात पूर्वाधारका नवीन प्रविधिको प्रयोगका लागि अध्ययन, अनुसन्धान गरिनेछ।

१०३. सङ्घीय सरकारका निकायसँग समन्वय गरी काठमाडौं उपत्यकाभित्रको नदी करिडोर निर्माण तथा सुधार कार्यलाई अगाडि बढाइनेछ। साथै, सार्वजनिक क्षेत्रमा सहरी पार्क, उद्यान निर्माण र सडक तथा सहरी सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१०४. प्रदेश सडक यातायात गुरुयोजनालाई कार्यान्वयन गर्दै प्रदेश लोकमार्ग एवम् प्रदेश मार्गको निर्माण, विकास तथा मर्मत सम्भार प्राथमिकताका आधारमा गरिनेछ। प्रदेश सडकहरूको भौतिक अवस्थाको मूल्याङ्कन गरी पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारलाई निरन्तरता दिइनेछ।

१०५. १२० मिटरभन्दा लामो झोलुङ्गे पुलको निर्माण कार्य प्रदेश सरकारले तथा सोभन्दा छोटो झोलुङ्गे पुल प्रदेश सरकारको प्राविधिक सहयोगमा स्थानीय तहले निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

**माननीय सदस्यहरु,**

१०६. प्रदेशको उद्योग तथा वाणिज्य प्रशासन कार्यलाई सुव्यवस्थित बनाउन प्रादेशिक औद्योगिक तथा वाणिज्य नीति तर्जुमा गरी मौजुदा ऐन, कानून तथा कार्यविधिमा समसामयिक सुधार गरिनेछ।

१०७. उद्यमी व्यवसायीहरुको मनोबल बढाउन व्यवसायमैत्री वातावरण निर्माण गरिनेछ। छरिएको पूँजीलाई एकत्रित गरी ठूला परियोजना कार्यान्वयन गर्न, बन्द रहेका उद्योग संचालन र व्यवस्थापन गर्न तथा प्रदेशभित्र स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गरी लगानीको वातावरण तयार गर्न **प्रदेश लगानी बोर्ड** गठनका लागि कानूनी व्यवस्था गरिनेछ। बागमती प्रदेश सरकारले आ.व. २०८१/८२ देखि आ.व.२०९०/९१ सम्मको अवधिलाई लगानी दशकका रूपमा अगाडि बढाउनेछ।

१०८. उद्यमशीलता विकास गरी युवाहरुको विदेश पलायनलाई रोक्न प्रदेशका सबै निर्वाचन क्षेत्रमा स्टार्टअप, प्रविधि हस्तान्तरण तथा परामर्श सेवासहितको उद्यमशीलता प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। उद्योग तथा वाणिज्य क्षेत्रमा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न निजी र सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ।

१०९. प्रदेशभित्रका शैक्षिक संस्था तथा उद्योग वाणिज्य क्षेत्रका संघसंस्थासँग सहकार्य गरी युवा तथा विद्यार्थीहरुको प्रतिभालाई उद्यमशीलतामा रूपान्तरण गर्न आईडिया ल्याब र बिजनेस

ईन्कुबेसन केन्द्रहरू स्थापना गरिनेछ।यसरी छनौट हुने उपयुक्त सोच तथा कार्यक्रमलाई बीउपूँजी वा ब्याज अनुदान, ईकोसिस्टम निर्माण तथा प्राविधिक सहयोग गरिनेछ।

११०. सूचना प्रविधिसँग सम्बन्धित उद्योगलाई रोजगारी र सेवा निर्यात क्षेत्रका रूपमा विकास गर्न सङ्घीय सरकारसँगको सहकार्यमा उपयुक्त स्थानमा सूचना प्रविधि वर्कस्टेसन सञ्चालन गरिनेछ। प्रदेशभित्र वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनको प्रवर्द्धन गरी प्रविधिको विकास र प्रसारमा जोड दिइनेछ ।

१११. हाम्रा मौलिक तथा स्वदेशी उत्पादन प्रयोग गर्ने संस्कृति विकास गर्न प्रदेश सरकारका कार्यालय एवम् निकायहरुले उपलब्ध भएसम्म स्वदेशी उत्पादनको प्रयोग गर्ने व्यवस्था गरिनेछ।

११२. उद्योग तथा वाणिज्य प्रशासनसम्बन्धी कार्यमा सूचना प्रविधिको प्रयोगलाई प्रवर्द्धन गरी उद्योग तथा वाणिज्य कार्यालयहरूलाई छिटो, छरितो र प्रभावकारी सेवाप्रवाह गर्ने नमूना कार्यालयका रुपमा विकास गरिनेछ।

११३. उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन गर्न **गाउँ गाउँमा उद्योग, घरघरमा रोजगारी**लाई आत्मसात् गर्दै स्थानीय तहसँगको सहकार्यमा प्रदेश सरकारले प्राथमिकतामा राखेको **एक स्थानीय तह, एक उद्योग ग्राम** कार्यक्रमलाई थप प्रभावकारीरूपमा सञ्चालन गरिनेछ। राष्ट्रिय कलाधारको संरक्षण, सम्बर्धन र विकासका लागि हस्तकलाको बजारीकरणका लागि कोसेली घर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११४. उपभोक्ताको हकहित र अधिकार संरक्षण गर्न सरोकारवाला निकायसँगको समन्वयमा उपभोग्य वस्तुको गुणस्तर कायम हुने गरी सचेतना तथा बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ। यसका लागि प्रदेशस्तरमा खाद्य गुणस्तर मापन प्रयोगशाला स्थापनाका लागि आवश्यक व्यवस्था गरिनेछ ।

११५. बागमती प्रदेशभित्र उत्पादन हुने फलफूल, अन्न र जडिबुटीबाट मदिरा उत्पादनका लागि कानूनी प्रबन्ध गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।

११६. जग्गा प्रशासन सम्बन्धी कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउन मालपोत तथा नापी कार्यालयसँगको समन्वयमा सरकारी, सार्वजनिक तथा गुठी जग्गाको व्यवस्थित विद्युतीय अभिलेख तयार गर्ने कार्य शुरु गरिनेछ। विद्यमान सरकारी तथा सार्वजनिक जग्गाको वैज्ञानिक उपयोग सुनिश्चित गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।सङ्घीय सरकारसँग समन्वय गरी नयाँ नापीको कार्यलाई अगाडि बढाइनेछ ।

११७. बागमती प्रदेशका धादिङ्ग, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक र दोलखा जिल्लाका हिमाली भेगमा सार्वजनिक, निजी तथा सहकारीसँगको साझेदारीमा प्राकृतिक खानेपानी प्रशोधन, उत्पादन र निर्यात गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

**माननीय सदस्यहरू,**

११८. प्रादेशिक पर्यटन गुरुयोजना तर्जुमा गरी प्रदेशको पर्यटन विकासका लागि दिर्घकालीन रणनीतिक कार्यक्रमहरु चरणबद्धरुपमा कार्यान्वयनमा लगिनेछ।

११९. प्रदेशको प्रत्येक निर्वाचन क्षेत्रमा एक पर्यटकीय क्षेत्र पहिचान गरी एकीकृत पर्यटन विकास कार्यक्रम सञ्चालन गरिनेछ। सिन्धुपाल्चोक जिल्लाको जुगल हिमाल क्षेत्रलाई पर्वतीय आरोहण प्रशिक्षण स्थलको रूपमा विकास गर्न सहयोग गरिनेछ।

१२०. प्रदेशको सरकारी कामकाजको भाषा ऐन, २०८० को कार्यान्वयनका लागि नेपाली भाषाका अतिरिक्त तामाङ्ग तथा नेपाल भाषाको प्रयोगका लागि आवश्यक कार्यक्रमहरू कार्यान्वयन गर्दै लगिनेछ ।

१२१. बागमती प्रदेशभित्रका रैथाने खानाहरुको पहिचान, अभिलेखीकरण र पेटेन्ट दर्ता गरी प्रदेशभित्रका पर्यटकीय होटलहरुमा रैथाने परिकारहरु खाना मेनुमा राख्ने व्यवस्था मिलाइनेछ।

१२२. बागमती प्रदेश प्रवेश विन्दुहरुमा पर्यटकहरुलाई हरेक स्थानीय तहहरुका पर्यटकीय गन्तव्य र सुविधाबारे जानकारी दिन प्रविधिमैत्री पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ।

१२३. बागमती प्रदेशभित्र रहेका मूर्त र अमूर्त संस्कृतिहरूको संरक्षण र प्रवर्द्धन गर्न कानून तर्जुमा गरिनेछ। प्रदेशभित्र रहेका विभिन्न जातजाति, समुदायमा रहेका अमूर्त सांस्कृतिक सम्पदाको

सूचीकरण गरिनेछ। मूर्त सांस्कृतिक सम्पदा निर्माणमा परम्परागत तथा मौलिक ज्ञान, सिप, कला, सामग्री एवम् प्रविधिलाई जोड दिइनेछ ।

१२४. जातजाति तथा भाषिक संघसंस्थासँगको सहकार्यमा प्रदेशभित्र रहेका कला, साहित्य, सङ्गीत, भेषभूषा, भाषा, लिपि, बाजागाजा र नृत्यको प्रचारप्रसार मार्फत पर्यटन प्रवर्द्धन र अध्ययन अनुसन्धान गर्न चाहने सोधकर्तालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१२५. प्रदेशभित्र रहेका चित्रकला, मूर्तिकला, शिल्पकला, वस्तुकला, हस्तकला, मौलिक कलाको खोज अनुसन्धान गर्नुका साथै सिप वृद्धि र रोजगारीसँग जोड्ने नीति लिइनेछ ।

१२६. नेपालको राजनीतिक परिवर्तनका लागि भएका ऐतिहासिक क्रान्ति, जनआन्दोलन, सशस्त्र संघर्ष, मधेश आन्दोलनमा भएका घटना तथा इतिहास झल्किने गरी **राजनीतिक क्रान्ति स्मृति सङ्ग्राहलय** निर्माण गरिनेछ।

१२७. प्रदेश क्षेत्राधिकारमा पर्ने सहकारी संस्थाहरुमा देखिएका समस्याहरूको समाधान गर्न आवश्यक नीतिगत, कानूनी तथा संरचनागत प्रबन्धलाई थप प्रभावकारी बनाई सहकारीमा रहेको नागरिकको वचत तथा लगानी सुरक्षाको प्रत्याभूति दिलाइनेछ।

१२८. उत्पादनमूलक सहकारी संघसंस्थाको उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यमा सहयोग पुऱ्याउन प्रविधि तथा सिप हस्तान्तरण र प्रोत्साहन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

१२९. सबैको घरमा शुद्ध खानेपानी र सबै किसानहरूको खेतमा सिँचाई सुविधा पुऱ्याउन **खानेपानी सरसफाई तथा सुलभ सिँचाई वर्ष**का रूपमा विशेष अभियान चलाइनेछ। प्रदेशभित्र साना तथा मझौला स्तरका सतह सिंचाई तथा भूमिगत सिंचाई आयोजना सञ्चालन गरिनेछ।

१३०. प्रत्येक नागरिकलाई आधारभूत स्तरको खानेपानीको पहुँच पुऱ्याउन **एक घर एक धारा** कार्यक्रमलाई निरन्तरता दिइनेछ। निर्माण कार्य अन्तिम चरणमा रहेका खानेपानी तथा सिँचाई आयोजनाहरुलाई सम्पन्न गरिनेछ।

१३१. बहुउद्देश्यीय एकीकृत खानेपानी तथा सिंचाई आयोजना सञ्चालन गर्न सम्भावित क्षेत्रहरुको पहिचान तथा सर्वेक्षण गरी प्राथमिकताका साथ कार्यान्वयन प्रक्रिया अगाडि बढाउने नीति अवलम्बन गरिनेछ। सङ्घीय सरकारसँगको समन्वयमा विकास साझेदारहरूको सहकार्यमा खानेपानी आयोजनाहरू सञ्चालन गर्ने नीति लिइनेछ।

१३२. लिफ्टिङ्ग, डिप ट्युबबेल खानेपानी तथा सिंचाईका लागि लाग्ने विद्युत महशुलमा सहुलियतका लागि नेपाल सरकार ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ।

१३३. सम्पन्न भएका खानेपानी तथा सिंचाई आयोजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भारमा सरोकारवालालाई जिम्मेवार

बनाउने नीति लिइनेछ। जटिल प्रकृतिका खानेपानी तथा सिंचाई आयोजनाको मर्मत सम्भार गरिनेछ।

१३४. खानेपानीको न्यूनतम् महशुलमा सहुलियतका लागि नेपाल सरकार, खानेपानी मन्त्रालय, स्थानीय तह, सेवा प्रदायक संस्थाहरू तथा सरोकारवालाहरूसँगको समन्वयमा अध्ययन गरिनेछ।

१३५. खानेपानी तथा सिंचाईका लागि स्रोत संरक्षण, भूमिगत जल व्यवस्थापन तथा पुनर्भरण पोखरी निर्माण कार्य अगाडि बढाइनेछ। ऐतिहासिक महत्वका कुवा, ढुङ्गेधाराहरु र परम्परागत खानेपानीका स्रोतहरुलाई सम्पदाकै रुपमा संरक्षण गर्ने नीति लिइनेछ।

१३६. प्रदेशभित्रका सुख्खाग्रस्त क्षेत्रहरू पहिचान गरी उक्त क्षेत्रमा स्वच्छ खानेपानी तथा सिँचाईका लागि पानी सङ्कलन, भण्डारण र वितरणको कार्यक्रम सञ्चालन गरिनेछ।

१३७. कृषि उत्पादन वृद्धिलाई केन्द्रमा राखी प्रदेशभित्रका ठूलो क्षेत्रफल भएका खेतीयोग्य जमिनहरूमा सिँचाई गर्न बृहत्त सिँचाई आयोजनाहरूको पहिचान, सर्वेक्षण र छनौट कार्य अगाडि बढाइनेछ ।

१३८. सेवाबाट बञ्चित समुदाय तथा क्षेत्रका लागि शुद्ध खानेपानी र सरसफाई सेवाको सुनिश्चितता गर्न **खानेपानी, सरसफाई तथा स्वच्छता योजना** कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

१३९. स्थानीय तह र सम्बद्ध निकायहरुको सहलगानीमा सार्वजनिक स्थलमा खानेपानी तथा शौचालय निर्माण गरिनेछ।

१४०. सार्वजनिक, निजी, साझेदारी एवम् अन्तरपालिका साझेदारीको नीति लिई फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गरिनेछ। प्राथमिकताका आधारमा ढल निर्माण तथा प्रशोधन कार्यक्रम सञ्चालन गरी अव्यवस्थित ढल प्रणालीलाई व्यवस्थित गरिनेछ।

१४१. बागमती प्रदेश पूर्ण उज्यालो कार्यक्रममार्फत विद्युतको पहुँच नपुगेका क्षेत्रमा ग्रामीण विद्युतीकरण तथा दूरदराजका बस्तीमा सौर्य, मिनी ग्रिड वा अन्य वैकल्पिक उर्जाको प्रयोगमार्फत सबै प्रदेशबासीका घरमा उज्यालो पुर्‍याइनेछ। नवीकरणीय तथा वैकल्पिक ऊर्जाको खपत बिस्तार गरिनेछ।

१४२. जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका मानव बस्ती तथा कृषियोग्य जमिनको संरक्षण गर्न तटबन्ध निर्माण कार्य गरिनेछ।

१४३. दोलखा जिल्लाको जिरीमा बहुउद्देश्यीय मानव निर्मित ताल निर्माण गरिनेछ। हेटौँडा उपमहानगरपालिकाको गंगटेमा बहुउद्देश्यीय पोखरी निर्माण गरिनेछ।

**माननीय सदस्यहरू,**

१४४. पेट्रोलियम पदार्थमा रहेको अत्यधिक निर्भरता कम गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई थप प्रोत्साहन गरिनेछ। पेट्रोलियम पदार्थबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीय सवारी साधनमा रूपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्न नीतिगत व्यवस्था मिलाइनेछ।

१४५. सवारी चालक अनुमति पत्रको परीक्षालाई व्यवस्थित बनाउँदै प्रयोगात्मक परीक्षामा क्रमशःस्वचालित प्रणाली लागू गरिनेछ। यातायात व्यवस्था कार्यालयका भौतिक अभिलेखलाई डिजिटाइजेशन गर्ने कार्यलाई निरन्तरता दिंदै सेवाप्रवाहलाई अनलाईन पद्धतिमा लगिनेछ। यातायात क्षेत्रमा नगदरहित विद्युतीय भुक्तानी (क्यासलेस) प्रणाली लागू गरिनेछ।

१४६. सवारी चालक अनुमतिपत्रको स्मार्ट कार्ड छपाई तथा वितरणका लागि सङ्घीय सरकारबाट सहकार्यको प्रतिबद्धता प्राप्त भएकाले आगामी वर्षदेखि प्रदेशबाट नै छपाई तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१४७. बागमती प्रदेशलाई श्रमिकमैत्री प्रदेशका रुपमा विकास गर्न प्रदेशभित्रका सबै मजदुर, श्रमिकहरुको पञ्जीकरणको शुरुवात गरी अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ।

१४८. प्रदेश सरकारका कार्यालयमा कार्यरत अस्थायी, ज्यालादारी र करारका कर्मचारीलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ।

१४९. सार्वजनिक यातायातलाई सुरक्षित र भरपर्दो बनाउन सर्वसाधारणका लागि ट्राफिक सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्नुका साथै सार्वजनिक यातायातमा हुने सडक दुर्घटना न्यूनीकरण गर्न यस क्षेत्रमा कार्यरत चालक, सहचालकलाई तालिम तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५०. वैदेशिक रोजगारीबाट फर्केको जनशक्तिको ज्ञान, सिप र पूँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गरी रोजगारीका अवसरहरू सिर्जना गरिनेछ। स्थानीय तहसँगको समन्वयमा श्रमिकहरूकै सहभागिता हुने गरी श्रमिक सहकारी संस्था स्थापना गर्न सहजीकरण गरिनेछ।

१५१. सार्वजनिक यातायात क्षेत्रलाई समावेशी बनाउन व्यवसायिक महिला सवारी चालक प्रशिक्षणलाई निरन्तरता दिइनेछ। काठमाडौं उपत्यकामा बिहान र बेलुकाको यात्रुको चाप हुने समयमा महिलाका लागि छुट्टै सवारी साधनमार्फत यात्रा गर्ने व्यवस्थाका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

१५२. वर्कशप, सवारी चालक प्रशिक्षण केन्द्र र अटोमोबाइल्स मर्मत केन्द्रहरूलाई नियमन र व्यवस्थित गरी उक्त क्षेत्रमा स्वदेशी श्रमिकको प्रयोगलाई प्रोत्साहन गरिनेछ। वर्कशप व्यवसायीहरुको सेवालाई स्थानीय तहसँगको सहकार्यमा एकीकृत, मर्यादित र व्यवस्थित गर्न अटोल्याण्डको अवधारणा विकास गरिनेछ । सवारी मर्मतका लागि अटोमेकानिक्सलाई आवश्यक पर्ने सम्पूर्ण औजारहरू उपलब्ध हुने गरी निजी क्षेत्रको सहकार्यमा टुल्स बैंकको स्थापना तथा सञ्चालन गरिनेछ।

१५३. बागमती प्रदेशमा दर्ता भई राइड सेयरिङ सेवा प्रदान गर्ने सेवा प्रदायकहरुले लिने भाडादर, यात्रु बीमा, सेवा सञ्चालनका शर्तहरू पालना गरे नगरेको विषयमा प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१५४. अन्य प्रदेशमा दर्ता भई बागमती प्रदेशभित्र सञ्चालनमा रहेका सबै किसिमका सवारीसाधनलाई अन्तर प्रदेश समन्वय गरी यस प्रदेशमा दर्ता गर्ने व्यवस्था मिलाइनेछ।

**माननीय सदस्यहरू,**

१५५. प्रदेशका सबै क्षेत्रगत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विषयलाई आन्तरिकीकरण गरिनेछ।

१५६. प्रादेशिक एकता, सामाजिक एवम् सांस्कृतिक ऐक्यबद्धता र सद्भावको वातावरण सिर्जना गरी प्रदेशस्तरमा दिगो शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न प्रदेश सुरक्षा नीति तर्जूमा गरिनेछ।

१५७. विपद् जोखिमका क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन गरी बहुप्रकोप पूर्वसूचना प्रणालीको स्थापना र विकास गरिनेछ।

१५८. **विपद्बाट बचौं, उत्थानशील समाज निर्माण गरौं** भन्ने नारालाई आत्मसात् गर्दै विपद् सचेतना, विपद्सम्बन्धी सिप तथा क्षमता विकास र कृत्रिम अभ्यास कार्यलाई सहभागितामूलक बनाउँदै विपद् सचेतना र सुरक्षालाई संस्कृतिकै रुपमा विकास गरिनेछ। वडा तहदेखि स्वयंमसेवक समूह निर्माण र परिचालन कार्यलाई विस्तार गरिनेछ ।

१५९. सङ्घीय सरकार तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा विपद् प्रभावितलाई निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना

कार्यका लागि लागत साझेदारी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६०. प्रदेश आपत्कालीन् कार्यसञ्चालन केन्द्रलाई सुदृढीकरण गरिनेछ। साथै, स्थानीय तहका आपत्कालीन् कार्यसञ्चालन केन्द्रको सुदृढीकरणमा सहयोग गरी अन्तरआबद्धता कायम गरिनेछ।

१६१. मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरी मानव अधिकार संस्कृतिको विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१६२. सङ्घीय सरकारसँगको समन्वयमा प्रहरी समायोजन कार्य सम्पन्न गरी प्रदेश प्रहरी गठन गरिनेछ। साथै, प्रदेश अनुसन्धान ब्यूरो गठन गरिनेछ।

१६३. सुरक्षा संवेदनशील क्षेत्रलगायतका स्थानमा आधुनिक प्रविधियुक्त सुरक्षा सामग्रीको जडानलाई निरन्तरता दिइनेछ। प्रविधिमैत्री सुरक्षा जाँच चौकी निर्माण गरिनेछ।

१६४. द्वन्द्वपीडित व्यक्तिहरुको उद्यमशीलता प्रवर्द्धन गरी स्वरोजगार बनाउन द्वन्द्वपीडित सबलीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६५. **सभ्य र रचनात्मक विरोध, सभ्य संस्कृति** भन्ने अवधारणाका साथ स्थानीय तह र स्थानीय प्रशासनसँगको समन्वयमा प्रत्येक जिल्ला सदरमुकाममा एक/एक सार्वजनिक नागरिक प्रदर्शन स्थल तोकिनेछ ।

१६६. प्रहरीका निर्माणाधीन भौतिक संरचना निर्माण कार्यलाई पूर्णता दिइनेछ। कारागारहरू तथा बालसुधार गृहमा विद्यमान भौतिक पूर्वाधार र आधारभूत सुविधाको अवस्थालाई स्तरोन्नति गरिनेछ। साथै, कारागारहरुमा सिप विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६७. **बागमती प्रदेशका कानून सबैले जानून्** भन्ने नारा कार्यान्वयन गर्न जनस्तरसम्म कानूनको प्रचार प्रसार गरिनेछ ।

१६८. सूचना प्रविधिको सदुपयोग गरी साइबर अपराधबाट सुरक्षित गराउन नेपाल प्रहरीसँगको समन्वयमा साइबर सुरक्षा सचेतना अभिवृद्धि गर्नुका साथै सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित बनाउन पहल गरिनेछ।

१६९. बागमती प्रदेशसँग सम्बन्धित विषयमा मौलिक चलचित्र, वृत्तचित्र, लघुचित्र निर्माण गरी नेपालको बहुसंस्कृति पहिचान गर्ने, गराउने कार्यलाई निरन्तरता दिँदै **बहुसंस्कृति नेपालको पहिचान, मौलिक चलचित्रलाई हाम्रो प्रोत्साहन** भन्ने नारालाई मूर्तरूप दिइनेछ।

१७०. प्रदेशका मौलिक चलचित्र निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउने श्रष्टाहरुलाई सम्मान गरिनेछ।

१७१. आमसञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित विषयमा अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनेछ। आमसञ्चार क्षेत्र एवम् सञ्चारकर्मीको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

१७२. प्रदेश सरकारले अगामी आर्थिक वर्षदेखि दोस्रो आवधिक योजना कार्यान्वयन गर्नेछ। सो योजनाको प्रभावकारी कार्यान्वयनका लागि विषयगत मन्त्रालय तथा निकायहरुका बार्षिक कार्यक्रम तथा बजेट र योजनाका बीच तादाम्यता कायम गरिनेछ। साथै, योजना कार्यान्वयनमा तहगत सरकार, निजी क्षेत्र, नागरिक समाज र सरोकारवाला सबैको सहभागिता र साझेदारी रहनेछ।

१७३. प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित तथ्याङ्क प्रणालीलाई व्यवस्थित बनाउन प्रादेशिक तथ्याङ्कसम्बन्धी कानून तर्जुमा गरिनेछ।

१७४. आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याइ आयोजना छनौट प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाइनेछ।

१७५. महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत समुदाय र विपन्न वर्ग तथा पिछडिएको क्षेत्रको शिक्षा, स्वास्थ्य, आवास, पूर्वाधार तथा आर्थिक विकासको लागि प्रदेश सरकारले सञ्चालन गरेका आयोजना र कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन गरिनेछ।

**माननीय सदस्यहरू,**

१७६. आगामी आर्थिक वर्षमा प्रदेश निजामती सेवा तथा स्थानीय सेवासँग सम्बन्धित नियमावली तर्जुमा गरिनेछ।कर्मचारीको

सरुवा, बढुवा र वृत्ति विकास प्रणालीलाई थप व्यवस्थित बनाउँदै लगिनेछ।

१७७. प्रदेश तथा स्थानीय तहमा आवश्यक पर्ने योग्य जनशक्ति छनौट गर्नका लागि प्रदेश लोकसेवा आयोगलाई थप सुदृढीकरण गरिनेछ।

१७८. प्रदेश किताबखानाको संस्थागत सुदृढीकरण गरी कर्मचारीको सिटरोल, सम्पत्ति विवरण, तलबी प्रतिवेदन सम्बन्धी कार्यलाई थप व्यवस्थित बनाइनेछ। स्थानीय तहका कर्मचारीहरुको वैयक्तिक अभिलेख प्रणाली सञ्चालनका लागि सङ्घीय सरकारसँग समन्वय गरिनेछ।

१७९. भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं राष्ट्रिय रणनीतिक योजना बमोजिम भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति लिइनेछ। प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपायसहितको भ्रष्टाचारविरुद्धको प्रादेशिक रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

१८०. सार्वजनिक सेवा प्रवाहलाई सुशासनयुक्त बनाउन छिटो छरितो, मितव्ययी र प्रभावकारीरूपमा विद्युतीय शासनलाई अवलम्बन गर्दै प्रदेशका सबै कार्यालयहरुमा स्वःचालित प्रणाली (Office Automation System) क्रमशः लागु गर्दै लगिनेछ।

१८१. प्रदेश सुशासन केन्द्रलाई प्रादेशिक प्रशिक्षण तथा तालिम केन्द्रका रुपमा विकास गरिनेछ। केन्द्रमार्फत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सार्वजनिक संस्थाहरुका

पदाधिकारी तथा कर्मचारीहरुको ज्ञान, सिप, क्षमता तथा दक्षता अभिवृद्धि गर्नुका साथै अध्ययन, अनुसन्धानका कार्य गरिनेछ।

१८२. प्रदेश तथा स्थानीय तहमा कार्यरत तथा नवप्रवेशी कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धिका लागि सेवाकालीन तथा सेवा प्रवेश तालिमलाई समसामयिक र व्यावहारिक बनाउदै लगिनेछ। सङ्घीय सरकारसँगको समन्वयमा प्रदेशमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गर्न वैदेशिक अध्ययन भ्रमण, तालिमको थप अवसर प्रदान गर्न पहल गरिनेछ।

१८३. सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई मजबुत बनाई सङ्घीय शासन प्रणालीको सबलीकरणका लागि शासकीय सुधारसम्बन्धी कार्यक्रमहरु स्थानीय तहसम्म सञ्चालन गरिनेछ।

**माननीय सभामुखज्यू,**

**माननीय सदस्यहरु,**

१८४. नेपाली जनताको अदम्य साहस, बलिदान, अविस्मरणीय त्याग र अथक संघर्षको जगमा खडा भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको संरक्षण र सुदृढीकरण गर्नु हामी सबैको दायित्व हो। हामीले अपेक्षा गरेको सुशासन, विकास र समृद्धि हासिल गर्न, राष्ट्रिय गौरव र प्रतिष्ठा वृद्धि गर्न हाम्रा कार्यशैली एवम् कार्यप्रणाली थप जनमुखी, चुस्त र नतिजामुखी बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको छ।

१८५. बागमती प्रदेशको प्रस्तुत नीति तथा कार्यक्रमले दिगो विकासका लक्ष्य, सोह्रौं योजना तथा बागमती प्रदेशको दोश्रो आवधिक योजनाका लक्ष्य हासिल गर्न योगदान गर्ने विश्वास लिएको छु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना भई बागमती प्रदेशको आर्थिक समृद्धि र जीवनस्तरमा गुणात्मक सुधार आउने अपेक्षा गरेको छु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

१८६. अन्तमा, बागमती प्रदेशको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउने प्रदेश सभाका सदस्य तथा जनप्रतिनिधिहरु, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मीहरू, नीजि क्षेत्र तथा नागरिक समाज, विकास निर्माणमा श्रम उत्सर्जन गर्ने श्रमजीविहरु एवम् प्रदेशबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद।